# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३१) काठमाडौं, साउन ३० गते २०३८ साल (अतिरिक्ताङ्क २१(छ)

श्री ५ को सरकार

## पञ्चायत तथा स्थानीय विकास मन्त्रालयको

### सूचना

### वर्गीय संगठन (पहिलो संशोधन) नियमावली, २०३८

प्रस्तावनाः वर्गीय संगठन नियमावली, २०३७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ को सरकारले वर्गीय संगठन ऐन, २०३६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "वर्गीय संगठन (पहिलो संशोधन) नियमावली, २०३८" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. वर्गीय संगठन नियमावली, २०३७ को नियम ४ मा संशोधनः वर्गीय संगठन नियमावली, २०३७ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ४ को सट्टा देहायको नियम ४ राखिएको छः-

"४. गाउँ वा नगर प्रारम्भिक परिषद्: प्रत्येक गाउँ पञ्चायत वा नगर पञ्चायतको सम्पूर्ण क्षेत्रमा सम्बन्धित संगठनका सम्पूर्ण सदस्यहरू भएको एउटा गाउँ वा नगर प्रारम्भिक परिषद् रहनेछ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल नियमावलीको नियम ५ मा संशोधनः मूल नियमावलीको नियम ५ को सट्टा देहायको नियम ५ राखिएको छः–

"५. गाउँ वा नगर प्रारम्भिक कार्य समितिः (१) गाउँ वा नगर प्रारम्भिक परिषद्का सदस्यहरूले आफूमध्येबाट निर्वाचन गरी पठाएका सभापति, उप-सभापति, सचिव, सह-सचिव, कोषाध्यक्ष र अरू चारजना सदस्यहरू भएको गाउँ वा नगर प्रारम्भिक कार्य समिति गठन हुनेछ ।

(२) गाउँ वा नगर प्रारम्भिक कार्य समितिका सभापति र उप-सभापति गाउँ वा नगर प्रारम्भिक परिषद्को पदेन सभापति र उप-सभापति हुनेछन् ।"

४. मूल नियमावलीको नियम ६ मा संशोधनः मूल नियमावलीको नियम ६ मा रहेको "जिल्लाभित्रका सबै" भन्ने शब्दहरू पछि "गाउँ वा नगर" भन्ने शब्दहरू थपिएका छन् ।

५. मूल नियमावलीको नियम ७ मा संशोधनः मूल नियमावलीको नियम ७ को,–

(१) उप-नियम (१) को सट्टा देहायको उप-नियम (१) राखिएको छः–

"(१) जिल्ला कार्य समितिमा देहायका पदाधिकारी तथा सदस्यहरू रहनेछन्ः–

(क) जिल्ला परिषद्का सदस्यहरूले आफूमध्येबाट निर्वाचन गरी पठाएका सभापति, उप-सभापति, सचिव, सह-सचिव र कोषाध्यक्ष, र

(ख) जिल्लाभित्रका नौ इलाकाबाट प्रत्येक इलाकाभित्रका जिल्ला परिषद्का सदस्यहरूले आफूमध्येबाट एक एक जनाका दरले निर्वाचन गरी पठाएका सदस्यहरू ।

स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि "इलाका" भन्नाले जिल्ला पञ्चायत ऐन, २०१९ को दफा १४ अनुसार कायम गरिएको इलाका सम्झनु पर्छ ।"

(२) उप-नियम (२) झिकिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३८८

६. मूल नियमावलीको नियम ६ मा संशोधनः मूल नियमावलीको नियम ६ को उप-नियम (१) को सट्टा देहायको उप-नियम (१) राखिएको छः–

"(१) अञ्चल कार्य समितिमा देहायका पदाधिकारी तथा सदस्यहरू रहनेछन्ः–

(क) अञ्चल परिषद्का सदस्यहरूले आफूमध्येबाट निर्वाचन गरी पठाएका सभापति, उप-सभापति, सचिव, सह-सचिव र कोषाध्यक्ष, र

(ख) प्रत्येक जिल्लाभित्रका अञ्चल परिषद्का सदस्यहरूले आफूमध्येबाट एक एक जनाका दरले निर्वाचन गरी पठाएका सदस्यहरू।"

७. मूल नियमावलीको नियम ११ मा संशोधनः मूल नियमावलीको नियम ११ को उप-नियम (१) को सट्टा देहायको उप-नियम (१) राखिएको छः–

"(१) केन्द्रीय कार्य समितिमा देहायका पदाधिकारी तथा सदस्यहरू रहनेछन्ः–

(क) केन्द्रीय परिषद्का सदस्यहरूले आफूमध्येबाट निर्वाचन गरी पठाएका सभापति, उप-सभापति, सचिव, सह-सचिव र कोषाध्यक्ष, र

(ख) प्रत्येक अञ्चलभित्रका केन्द्रीय परिषद्का सदस्य-हरूले आफूमध्येबाट एक एक जनाका दरले निर्वाचन गरी पठाएका सदस्यहरू।"

८. मूल नियमावलीको नियम १४ मा संशोधनः मूल नियमावलीको नियम १४ को उप-नियम (१) र (३) मा रहेको "पाँच रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "एक रूपैयाँ" भन्ने शब्दहरू राखिएका छन्।

आज्ञाले–
रामनारायण श्रेष्ठ
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४०७